# आर्थिक वर्ष २०८१।०८२ को

# बजेट वक्तव्य

**काईके गाउँपालिकाको कार्यालय**

**शहरताराबगर,डोल्पा**

२०८१

**www.kaikemun.gov.np**

**आजको यस सम्मानित काइके गाउँपालिकाको  गाउँसभाका सभाध्यक्ष ज्यू,**
**प्रमुख अतिथि ज्यू,**
**मञ्चमा आसीन सम्पुर्ण अतिथिगण,**
**वडाध्यक्ष ज्यूहरु,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पुर्ण शिक्षक, पत्रकार,सुरक्षाकर्मि मित्रहरु,**
**तथा सम्पुर्ण गाउँबासी, बुबा,आमा, दाजुभाई तथा दिदीवहिनीहरु,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानपूर्ण सङ्घर्ष,जनआन्दोलन,विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न स्वाभिमानी नेपाली जनताको तागतमा बनेको संविधानबाट निर्मित संविधानअनुसार गठीत यस काईके गाउँपालिकाको गरिमामय  सभामा **"आर्थिक पारदर्शिता सुशासन र जवाफदेहिता,सम्र्ग विकासमा जनताको सहभागिता"** भन्ने मुल ध्येयका साथ काइके गाउँपालिकाको आर्थिक वर्ष २०८१/ ८२ को वार्षिक बजेट नीति तथा कार्यक्रम पेश  गर्न पाउँदा मैले आफुलाई खुसि महशुस गरेको छु ।

२. यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको  क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. सुन्दर समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प , समस्त गाउँपालिका वासिको समृद्धिको चाहाना र हामिले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ .व . २०८१/ ८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।

४. सीमित स्रोतसाधनको बावजुत हाम्रा आवश्यकता अधिकतम छन,तथापी उत्पादनमार्फत रोजगारी सिर्जना,गरिबिको अन्त्य,शिक्षा,कृषी,स्वास्थ्य साथै जनताका जनजिवन सुधार गर्ने सवाललाई सम्बोधन हुने गरी बजेटलाई प्राथमिकता दीई बजेट नीति तथा कार्यक्रम तयार गरिएको छ।

५. यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी , जलवायु  उत्थानशील तथा दिगोस्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका  र सुखी जनताको लक्ष्य हासील  गर्न सार्वजनिक निजी क्षेत्र  र समुदायको साझेदारी गरी विकास गरिनेछ।

६. काईके गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने स्वच्छ  सफा र ,सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास र विकासका पुर्वाधारहरुमध्ये शिक्षा ,स्वास्थ्य , बिद्युत,सडक,यातायात,खानेपानी,संन्चार लगायतका विषयहरुलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिईएको छ।

७. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस काईके गाउँपालिकाको आर्थिक वर्ष २०८१/ ८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

८. आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८०।०८१ को यस काईके गाउँपालिकाको बजेट कार्यान्वयनको अवस्था,राजश्व परिचालन,हालसम्म भएका प्रगति लगायतका विवरणहरु प्रस्तुत गर्दछु।

९. आर्थिक वर्ष २०८०।०८१ मा संघीय सरकारबाट समानिकरण अनुदान ७ करोड ४ लाख विनियोजन भएकोमा ५ करोड २१ लाख ७३ हजार ४ सय ४० अर्थात ७४.११ प्रतिशत रकम मात्र प्राप्त भएको छ। शशर्त अनुदान मार्फत रु ९ करोड २६ लाख विनियोजन भएकोमा सत प्रतिशत निकाशा प्राप्त भएको छ। विशेष अनुदान अन्तर्गत ७०लाख विनियोजन भएकोमा हालसम्म शत प्रतिशत रकम निकाशा प्राप्त भएको छ। समपुरक अनुदान अन्तर्गत रु ५० लाख विनियोजन भएकोमा ४५ लाख ३४ हजार ५ सय ६७ अर्थात ९०.६९ प्रतिशत रकम प्राप्त भएको छ। राजश्व बाडफाँड बाट विनियोजन रु ४ करोड ७९ लाख ४६ हजार ४ सय मध्ये हालसम्म ३ करोड ५८ लाख ७३ हजार ४४० अर्थात ७४.८१ रकम प्राप्त भएको छ।

१०.प्रदेश सरकारको समानीकरण अनुदान ४८ लाख ८३ हजार विनियोजन गरेकोमा हालसम्म  ३६ लाख ३४ हजार ५६७ अर्थात ७४.११ प्रतिशत प्राप्त भएको छ। शशर्त अनुदान अन्तर्गत ६ करोड अठासि लाख १० हजार मा सत प्रतिशत रकम प्राप्त भएको छ। प्रदेश सरकार समपुरक अनुदान

अन्तर्गत रु १ करोड ५० लाख विनियोजन भएकोमा रु १करोड १० लाख ३१ हजार २०१ अर्थात ७३.५४ प्रतिशत आम्दानि भएको छ। प्रदेश सरकार राजश्व बाँडफाँड बापत रु ४ लाख ३ हजार सात सय ४४ प्राप्त भएको छ। हालसम्म आन्तरिक राजश्व रु ९ लाख ३८ हजार ३६० प्राप्त भएको छ।

११.अब म यस काईके गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको बारेमा यस सम्मानित सभामा जानकारी गराउँदछु।

**सडक यातायात:**

१२.यस काइके गाउँपालिकामा सदरमूकाम दुनै देखि सडक यातायातको पहुँच नपुगेपनि पुग्ने क्रममा रहेको हाल सम्म वडा नं २,३ मा धुले कच्ची सडक पुगिसेकेको छ। वडा नं १ ,४,५,६,७ मा पनी पुग्ने क्रममा रहेको छ।

**सिंचाइ तथा खानेपानी**

१३. काईके गाउँपालिकाको एक घर एक धाराको नीतिअनुरुप सवै घरहरुमा खानेपानि सेवा उपलब्ध हुने क्रममा रही कम्तिमा ९० प्रतिशत घरमा खानेपानि सेवा उपलब्ध भएको छ।

**सामाजिक विकास शिक्षा, स्वास्थ्य, लक्षित समूह, का क्षेत्रमा भएका उपलब्धी**

१४.कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ। शहरतारा स्वास्थ्य चौकि तथा बन्ठाडा स्वास्थ्य चौकि बाट आवश्यक स्वास्थ्य सेवा प्रदान भैरहेको छ।वडा न १ देखि ७ सम्म उपस्वास्थ्य भवन निर्माण समेत भएको छन। वडा नं १ कोलामा स्वास्थ्य इकाइ केन्द्र द्वारा सेवा प्रदान गरिएको छ।विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदानहरु निर्माण भएका छन।अपाङ्ग बृद्ध बृद्धा बालबालिकाहरुको लागि जाडोको समयमा न्यानो कपडाहरु पौष्टिक तत्वयुक्त खानेकुराहरु प्रदान गरिदै आएको छ।

**आर्थिक विकास कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,का क्षेत्रमा भएका उपलब्धी**

१५.हाल सम्म यस काइके गाउँपालिकामा विभिन्न वडामा सामूहिक तथा व्याक्तिगत स्याउ फर्महरुको व्यवस्थित रुपमा वृद्धि गरिएको छ। कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएकोछ। गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू तातोपानि कुण्ड, व्यासिरिखि पर्यटकिय क्षेत्र जस्ता क्षेत्रको संरक्षण र प्रवर्ध्दन गर्नेकामलाइ ब्यवस्थित रूपमा

कार्यान्वयनमा ल्याइएकोछ। रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ। यसबाट रोजगारी सृजना भएकोछ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१६.वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ। गाउँपालिकामा वन तथा वातावरणमा असर नपरोस भन्ने हेतुले हरेक घरमा ग्यास र ग्यास चुलो तथा आधुनिक चुलो समेत वितरण गरिएको छ। वडा नं २,३,४ मा विद्युतिकरण समेत गरिएको छ। क्रमश वडा नं १,५,६,७ वडामा यसै आर्थिक वर्षमा र आगामी आर्थिक वर्षभित्रमा सम्पुर्ण गाउँपालिकाभरिमा विद्युतिकरण गर्ने लक्ष्य लिइएको छ।

## सुशासन तथा संस्थागत विकास कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजनिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी

१७.गाउँपालिकाले ५वटा ऐन,३ वटा नियमावली, ९ वटा कार्यविधि, र १मापदण्ड १ निर्देर्शिका तथा ३ वटा नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन मा ९०प्रतिशत अंक प्राप्त गरेको छ ।स्थानीय तह वित्तिय शुसासन जोखिम मुल्याङ्कनमा ७४ प्रतिशत अंक प्राप्त गरि जिल्लामा राम्रो स्थान समेत प्राप्त गरेको छ।

सभाध्यक्ष महोदय,

म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत बजेट नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## शिक्षा

### समृद्धिको आधार:शिक्षामा गुणात्मक सुधार

१८.आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी **श्री अरनिको साधारण तथा प्राविधिक मा.वि. बाट** एक विद्यालयबाट नमूनाको रूपमा शुरुवात गरको अवगत गराउदै, श्री अरनिको साधारण तथा प्राविधिक मा.वि.मा प्राविधिक तर्फको कक्षा १२ सन्चालनको लागि अनुमति दिई आवश्यक बजेट ब्यवस्थापन गरिनेछ।

१९.स्थानीय पाठ्यक्रम तयार गर्न श्रमप्रति आस्थावान,दक्ष र राष्ट्रप्रति वफादार नागरिक तयार गरि सभ्य समाज निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ । शिक्षा लाई सवल गुणस्तरिय

बनाउन शिक्षा क्षेत्रमा संघीय सरकारबाट रु ५ करोड ४ लाख ९७ हजार व्यवस्थापन गरिएको छ भने गाउँपालिकाबाट अरनिको माविमा आवाशिय विद्यालय सन्चालनको लागी रु ६० लाख बजेट विनियोजन गरेको छु ।

२०.आगामि आर्थिक बर्षमा कम्तिमा पनि गाउँपालिका स्तरिय २ वटा विद्यालयहरुमा विशेष कार्यक्रम सन्चालन गरि नमुना विद्यालय बनाईने नीति लिइनेछ ।

२१.विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ। वडा नं ३ मा रहेको विद्यालय बाढिले सम्पुर्ण संरचना बगाएको हुदाँ उक्त विद्यालय पुन निर्माण कार्यको लागि प्रदेश सरकाको पहलमा विशेष बजेट विनियोजन गरेको छु ।

२२.सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ। जसअनुसार अरनिको मा.वि मा विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापन गरिनेछ । कम्युटर प्रयोगशाला स्थापना हुन बाँकि विद्यालयहरुमा क्रमश माग र आवश्यक्ताका आधारमा स्थापना गरिनेछ ।

२३.प्राथमिक कक्षा १-३ लाई बालबालिकामैत्री बनाउनको लागि कक्षाकोठामा पठाईलाई सहयोग पुर्याउने हेतुले छापामाय कक्षाकोठा बनाइनेछ,जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२४.शिक्षा योजना निर्माण,शैक्षिक क्यालेन्डर निर्माण,विद्यार्थिहरुको क्षमता विकासको लागि अतिरिक्त क्रियाकलाप सन्चालन,नियमित प्रअ विव्यस जनप्रतिनिधिसंग परामर्श बैठक सन्चालन,दरबन्दी मिलान र कक्षाकोठा ब्यवस्थापन कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२५.सिर्जनशिल,इमान्दार,जिम्वेवार,असल लाई पुरस्कार तथा खरावलाई दण्डित गर्ने नीति लिइनेछ । जसअनुसार यस काईके गाउँपालिकाभित्र रहेका उत्कृष्ट काम गर्ने शिक्षक,विद्यार्थि र विद्यालयलाई पोत्साहन गरिनेछ,जसका लागि आवश्यक  बजेट विनियोजन गरेको छु ।

२६.विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रम अन्तर्गत माध्यामिक विद्यालयमा विद्यार्थिहरुको नियमित स्वास्थ्य चेकजाच गर्ने व्यवस्था गरिनेछ,यस कार्यक्रमको लागि संघिय सरकारमा आवश्यक पहल गरिनेछ।

२७.हाल ८ वटा विद्यालयहरुमा वालविकास केन्द्रहरु (ECD) सन्चालन भएकोमा बाँकि विद्यालयहरुमा आवश्यकताको आधारमा वालविकास केन्द्रहरु थप गर्नको लागि संघीय सरकारसंग समन्वय तथा पहल गरिनेछ।

२८.स्थानीय सरकारको पहलमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश अन्तर्गत श्री अरनिको साधारण तथा प्राविधिक मावि मा भौतिक पुर्वाधार निर्माण निरन्तरताको लागि रु ५० लाख विनियोजन भएको छ,साथै बालकल्याण आ.वि धारापानी,सगरमाथा आ.वि ताराकोट,सितला आ.वि रुखमा विद्यालय घेरबार तथा शौचालय निर्माण र वडा नं ६ चिल्पारामा खेलमैदान निर्माण कार्यको लागि गाउँपालिकाबाट समेत आवश्यक साझेदारी गरिनेछ।

**संस्कृति सम्बन्धी  नीति तथा कार्यक्रम**

२९.गाउँपालिकाकालाइ खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता हरु निर्माण गरिनेछ साथै गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै विशेषगरि काईके भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ,गाउँपालिका भित्र आयोजना हुने कार्यक्रहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गरिनेछ जसका लागि वृतचित्र निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३०.स्थानीय स्तरमा मानिने काईके गाउँपालिकाको बिशेष चाड रुङमा,चैती पर्व,छैगो पर्व लगायतका संस्कृतिहरुको विशेष संरक्षणको नीति लिइनेछ।

**युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम**

३१.विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन,सिकर्मि,डकर्मी तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ,जसका लागि संघीय सरकार बाट लघु उद्यम कार्यक्रम तर्फ १८ लाख विनियोजन गरिएको छ। विशेष गरि वडा नं १ र ३ मा लघुउद्यम कार्यक्रम सन्चालन गरिनेछ।

३२.गाउँपालिका भित्र रहेका इच्छुक युवाहरुलाई निशुल्क ड्राइभिङ,ग्यारेज सन्चालन सम्बन्धी तालिम लघु उद्यम शाखाबाट सन्चालन गर्ने तथा आवश्यक प्रोत्साहन प्रदान गर्नको लागि गाउँपालिकाबाट आवश्यक बजेटको विनियोजन गरेको छु ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

३३.महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ,ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३४.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ जसका लागि संघीय सरकारको सहकार्यमा बहुक्षेत्रिय पोषण कार्यक्रम बापत रु २० लाख विनियोजन गरेको छु ।

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

३५.नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ। नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच औषधि र उपचारको प्रबन्ध मिलाउनको लागि गाउँपालिकाले फार्मेसी सन्चालन गरि घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छु,गाउँपालिकाबाट सो संग सम्बनधीत औषधी खरिद कार्यको लागि आवश्यकता अनुसार बजेट विनियोजन गरेको छु ।

३६.बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ,आर्थिक रुपमा अति विपन्न गाउँपालिका स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान आर्थिक सहायताको प्रबन्ध गरिनेछ ।

३७.प्रत्येक वडाहरुमा आयुर्वेद सम्बन्धि कार्यक्रम सन्चालन तथा औषधिहरु वितरण गर्ने व्यवस्था गरिनेछ,जसको लागि संघीय सरकारबाट रु ५ लाख ५० हजार विनियोजन भएको छ।

३८.समग्र स्वास्थ्य क्षेत्रको विकास तथा कार्यक्रम सन्चालनको लागि संघीय सरकारबाट रु १ करोड ७६ लाख ५४ हजार विनियोजन भएको छ । अन्य थप स्वास्थ्य सम्बन्धी कार्यक्रम सन्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाबाट समेत बजेट विनियोजन गरेको छु ।

३९.स्वास्थ्य संस्थाबाट टाढा रहेका जनताहरुको स्वास्थ्य सुविधालाई मध्यनजर गरि प्रदेश सरकारको सहयोगमा विशेष अनुदान अन्तर्गत वडा नं ५ खानी गाउँमा स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि रु ५० लाख विनियोजन गरिएको छ ।

## उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

४०.पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ। ब्यासीगार्ड बैजिबारा बन्ठाडा हुदै व्यासिऋषि सम्म पर्यटकिय पदमार्ग,क्याकोचेन ताल,च्योपुथा ताल,पुथा हिमाल लगायतका पर्यटकिय क्षेत्रहरुको आवश्यक पुर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

४१.गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ,जसका लागि तातोपानी कुण्ड,व्यासिऋषि पर्यटन क्षेत्र जोड्ने सडक निर्माण गरिनेछ ।

४२.यस गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न पुरातात्विक,सांस्कृतिक सम्पदाहरुमध्ये तान्सागुम्बा,बुढाल मष्ठा थान निर्माण लगायत विभिन्न देविदेउताका थानहरु,मठमन्दिर ,गुम्बाहरु निर्माण तथा मर्मत सम्भार गरिनेछ,जसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

## कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

४३.उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ जसका लागि स्याउ तथा ओखर पकेट कार्यक्रम सन्चालन गर्न संघीय सरकारबाट रु १२ लाख बिनियोजन गरिएको छ ।

४४.गुणस्तरीय स्याउ तथा ओखर सिमि उत्पादन र बजारिकरणमा सहयोग गर्न स्याउ तथा ओखर तथा दलहन क्षेत्र विस्तार कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु ।

४५.एकिकृत शत्रुजीव व्यवस्थापन सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ,जसका लागि विषादि खरिद,स्थानीय स्तरमा विषादि तयार सम्बन्धी तालिम सन्चालन गरिनेछ।

४६.कृषकहरुको क्षमता विकास,उन्नत कृषिजन्य सामाग्रि उत्पादनमा सहयोग गर्ने हेतुले उन्नत तरकारी विउविजन वितरण गरिनेछ,च्याउ खेति उत्पादन सम्बन्धी तालिम सन्चालन,बालि उपचार घुम्ति शिविर लगायत तालिमहरु सन्चालन गरिनेछ।

४७.**रैथाने बालीहरु फापर,कोदो,जौ,चिनो,कागुनो लगायतको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि,कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा भेडा च्याङ्ग्रा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गर्न,गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४८.तरकारी उत्पादन तथा ब्यवसाय गर्न तथा कृषि पशुपालन प्रोत्साहन गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ,कृषि तथा पशु जन्य उत्पादनको बजारिकरण गर्नको लागि कृषि एम्बुलेन्सको उचित प्रयोग गरि दुनै,नेपालगन्ज,सुर्खेत लगायतका बजारमा निर्यात गर्न सहज गर्न सहजिकरण गरिनेछ।

४९.पशु विकास शाखाबाट पशु उपचार घुम्ती शिविर सन्चालन गरिनेछ,आवश्यक पर्ने औषधी खरिद गरिनेछ,व्यावसायिकरुपमा पशुव्यवसाय गर्ने कृषकहरुलाई स्थलगत तालिम सन्चालन गरिनेछ।

## सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

५०.पत्रकार महासंघको सहकार्यमा  स्थानीय सञ्चार माध्यमहरु संचार संस्था रेडियो  र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्न, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइ सहकार्य गरिनेछ। नेपाल टेलिकमसँगको सहकार्यमा गाउँपालिका भित्र फोरजि नेट प्रणालि सुचारु भैसकेको हुदाँ सम्पुर्ण वडाहरुमा फोरजि सहितको नेट इन्टरनेट उपलब्ध गराउन  आवश्यक समन्वय गरिनेछ।

## खानेपानी तथा सरसफाई

५१.एक घर एक धारा निर्माणको रणनीतिअनुरुप खानेपानि सेवा पुग्न बाँकि रहेको घरहरुमा यो बर्षमा खानेपानि सेवा उपलब्ध गराइनेछ। सम्पुर्ण वडाहरुमा ढल निकाश सम्बन्धी योजना लागु गरि स्वच्छ र सफा खानेपानी उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

५२.वडा नं. ६ र ७ वन्ठाडा ढल निकास मर्मत तथा निर्माण कार्यको लागी संघिय सरकारबाट रु ७० लाख तथा शहरतारा ढल निकास निर्माण कार्यको लागी रु ७० लाख, टुप्पातारा खानेपानी मर्मत सम्भार तथा सरसफाइ योजनाको लागि रु ७० लाख विनियोजित गरेको छ।

## भौतिक पूर्वाधार विकास शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम

५३.वडा कार्यालय भवन निर्माणको लागि संघिय सरकारबाट शहरी विकास मन्त्रालयबाट आवश्यक बजेट विनियोजन भएकोले वडा नं १,३,७ वडा कार्यालय निर्माण गरिनेछ, वडा नं ६ को भवन निर्माण सम्पन्न गर्न संघीय सरकारबाट रु १ करोड १५ लाख प्राप्त भएको छ , साथै वडा नं २,४ र ५ नं वडा कार्यालय भवन निर्माण सम्पन्न गर्न रु १ करोड ६० लाख विनियोजन गरेको छु। प्रदेश सरकारबाट वडा १,३,७ भवन निर्माण कार्यको लागि रु २ करोड २५ लाख विनियोजन भएकोमा गाउँपालिकाट थप रु २ करोड २५ लाख विनियोजन गरेको छु।

५४.गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सम्पुर्ण सेवाहरुलाई सहज तथा सरल रुपमा गाउँगाउँमा पुर्याउन आगामि आर्थिक वर्ष २०८१।०८२ भित्रमा वडा नं १ देखि ७ सम्मका सम्पुर्ण वडा कार्यालयहरु निर्माण सम्पन्न गरिनेछ।

५५.आगामि आर्थिक वर्ष २०८१।०८२ भित्रमा गाउँपालिमा प्रशासकिय भवन निर्माण कार्यको लागि जग्गा प्राप्ति गरिनेछ।

५६.स-साना झो.पु.हरू तोलतोल झो.पु,व्यासगाड झो.पु, लागि संघीय सरकार बाट रु १० लाख विनियोजित भएको छ,साथै आवश्यक थप बजेट विनियोजनको लागि मन्त्रालयहरुमा सहकार्य गरिनेछ,क्रमश उक्त पुलहरू निर्माण सम्पन्न गरिनेछ । छेवर झो.पु,ठाजम झो.पु निर्माणको लागि संघीय सरकार सहरी बिकास मन्त्रालयबाट रु १ करोड प्राप्त भएको छ,उक्त पुलहरुको निर्माण गरिनेछ।

५७.सडक विकासको मेरुदण्ड हो। सडक निर्माण अन्तर्गत  शहरी विकास मन्त्रालय बाट डोल्पा जिल्ला काईके गा.पा. वडा नं ६ र ७ व्यासीगार्ड-वन्ढाडा-चिल्पारा सडक स्तरोन्नति कार्यको लागि संघीय सरकारबाट रु ८० लाख, कोला गाउँ देखि कोला सम्म सडक निर्माण तथा स्तरोन्नती कार्यको लागी रु ७० लाख, यालाकोट देखि रुख गुम्बा सम्म सडक निर्माण तथा स्तरोन्नती कार्यको लागि रु ८० लाख, गाङ देखि पुचीनान सम्म सडक स्तरोन्नति कार्यको लागी रु ७० लाख विनियोजन भएको छ,जसले सडक निर्माण तथा स्तरोन्नती कार्यलाई फाईदा पुग्ने देखिन्छ।  भेरी करिडोर सडक अन्तर्गत दुनै देखि ल्यासिक्याप सम्म सडक निर्माण कार्यलाई छिटो छरितो बनाउनर सडक ट्रयाक खोल्ने कार्यलाई निरन्तरता दिन सम्बन्धित निकायमा पहल गरिनेछ।

५८.आर्थिक,व्यापारिक,पर्यटकिय हिसावले काईके गाउँपालिकालाई समृद्ध बनाउनको लागि शहरतारा मैकोट हुदै मध्यपहाडि लोकमार्गसंग सडक सन्जाल जोड्ने कार्यलाई आगामि आर्थिक वर्षमा सुरुवात गर्नको लागि संघीय सरकारबाट रु १ करौड विनियोजन भइको छ।

५९.वस्ति विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट डोल्पा जिल्ला काइके गा.पा. खानी तथा गुम्बा क्षेत्रमा घेराबार तथा सामुदायिक पूर्वाधार निर्माण कार्यको लागी रु ४० लाख, डोल्पा जिल्ला काइके गा.पा. लावन तथा बन्ढाडा खेलमैदान क्षेत्रमा पूर्वाधार निर्माण कार्यको लागि रु ४५ लाख, डोल्पा जिल्ला काइके गा.पा. वडा नं. ४ टुप र रिवा एडगल घेराबार सहित पूर्वाधार निर्माण कार्यको लागि रु २५ लाख विनियोजन भएको छ।

## स्रोत व्यवस्थापन

६०.आगामि आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये  नगद मौज्दात तथा आन्तरिक स्रोत बाट रु.१ करोड ३० लाख प्रक्षेपण गरेको छु। संघीय सरकारको समानीकरण अनुदान रु ७ करोड ४ लाख रहेको छ। संघीय सरकारको शशर्त अनुदान तर्फ रु १८ करोड ८५ लाख रहेको छ। विशेष अनुदान अन्तर्गत रु १ करोड १५ लाख रहेको छ। संघको राजश्ज बाँडफाँड तर्फ रु ५ करोड ९ लाख अनुमान गरिएको छ।

६१.प्रदेश सरकार समानीकरण अनुदान  रु ४८ लाख ७७ हजार प्राप्त अनुमान  रहेको छ। प्रदेश सरकार शशर्त अनुदान बाट रु ३ करोड ५६ लाख ८३ हजार प्राप्त हुने अनुमान रहेको छ।विशेष अनुदानबापत रु ५० लाख प्राप्त हुने अनुमान रहेको छ। समपुरक अनुदान अन्तर्गत रु २ करोड २५ लाख प्राप्त हुने अनुमान गरिएको छ। प्रदेशको राजश्व बाँडफाँड तर्फ रु ४ लाख ९३ हजार ५५२ प्राप्त हुने अनुमान गरिएको छ।

६२.आगामि आर्थिक वर्ष २०८१।०८२ मा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न गाउँपालिका अन्तर्गत रु.४० करोड २८ लाख ५३ हजार ५५२ विनियोजन गरेको छ। चालु तर्फ रु २३ करोड ७९ लाख ५३ हजार ५५२ अर्थात ५९.०६ प्रतिशत तथा पुजीगत तर्फ रु.१६ करोड ४९ लाख अर्थात ४०.९४ प्रतिशत विनियोजन गरेको छ।

६३.अन्त्यमा,यो बजेट नीति तथा कार्यक्रमका लागि महत्वपुर्ण सल्लाह,सुझाव,समन्वय र परामर्श दिएर अमुल्य सहयोग गर्नुहुने गाउँ कार्यपालिका सदस्यहरु तथा सभाका सदस्यहरु,अग्रज वुद्धिजीवि ब्याक्तिहरु,सम्पुर्ण राजनीतिक दल एवम् भातृ संगठनका प्रतिनिधिहरु,राष्ट्रसेवक कर्मचारीहरु,शिक्षक,सुरक्षाकर्मी,नागरिक समाज,सन्चारकर्मीहरु,सम्पुर्ण जनसमुदायहरु लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु।

मिति २०८१ असार १० गते

**धन्यवाद।**

**काईके गाउँपालिकाको कार्यालय**

**शहरताराबगर,डोल्पा**

२०८१

**www.kaikemun.gov.np**